# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७८
# कमल गाउँपालिका,
# झापा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७८/७९

च.नं. ३४

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
कमल गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
झापा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

..........................
(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np website : www.oagnep.gov.np

“जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था”

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय

प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: **२०७८/७९** मिति:२०७८।०५।०४

च.नः २२

**श्री अध्यक्षज्यू,**
**कमल गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय, झापा ।**

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले कमल गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचाको प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १८ (अठार) यसैसाथ संलग्न छ ।
३. लेखापरीक्षणबाट रु. ११ लाख ८८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ९ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु. १ लाख ७५ हजार रहेको छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं ।त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका

व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत कमल गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

कमल गाउँपालिका

लेखापरीक्षण प्रतिवेदन

२०७६।७७

**परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यस पालिका अन्तर्गत ७ वडा, सभा सदस्य ३७ जना, ९७.४४ व.कि.मी. क्षेत्रफल, ४४३६५ जनसंख्या र १ नंम्वर प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चितकोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम आर्थिक वर्ष २०७६।७७ को समग्र स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त भएता पनि सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एव विस्तृत विवरण नखुलाइ पेश हुन आएको छ । गाउँपालिकाको सम्पुर्ण आर्थिक कारोबार सुत्रमा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन।

**गाउँपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ**

**आ.ब. २०७६।७७ को एकिकृत आर्थिक विवरण**

| **क्र.स** | **आय** | **रकम** | **रकम** | **क्र.स** | **व्यय** | **रकम** | **रकम** |
|---|---|---|---|---|---|---|---|
| १ | शुरु मौज्दात | | **२०,३२६,४२२.०७** | १ | खर्च | | |
| | एन एम वि वैक | १४,९१६,१११.५७ | | | चालु खर्च गाउपालिका | | **२१३,०६५,२५०** |
| | पेश्की अल्या | ४,०००,००० | | | पूजीगत खर्च गाउपालिका | | **२१९,५८१,०२०** |
| | धरौटी आय | १,०४८,७१०.५० | | २ | संघीय सरकार विषयगत कार्यक्रम | | **१६८,६६६,३९२** |
| | विभाज्य कोेष | ३६१,६०० | | | सामाजिक सुरक्षा कार्यक्रम | १४४,३३९,००० | |
| २ | राजश्व | | **१०१,१२३,१९०.६४** | | स्थानीय पूवाधार विकाश कार्यक्रम | १६,७७४,१६५ | |
| | आन्तरीक श्रोत (राजश्व) | २१,८००,८११.६० | | | राष्ट्रिय परिचय पत्र तथा पन्जीकरण विभाग | ७५७,३४५ | |
| | राजश्व बाडफाड संघ | ६६,५८०,१६८.७४ | | | पर्यटन पूर्वाधार आयेजना | ६,७८५,८८२ | |
| | राजश्व बाडफाड प्रदेश सवारी | ३,९७४,६४२.५० | | | राष्ट्रपति महिला उत्थान कार्यकंम | १०,००० | |
| | राजश्व बाडफाड प्रदेश मालपोत | ८,७६७,५६७.८० | | ३ | पेश्की | | **४५,२८८,८९७** |
| | अन्य | | | | गत आ व को जोसी सफल जे.भी. पेश्की | ४,०००,००० | |
| ३ | संघीय सरकार विषयगत कार्यक्रम | | **१६८,६६६,३९२** | | पेश्की चालु तर्फ | १,५०४,६४४ | |
| | सामाजिक सुरक्षा कार्यक्रम | १४४,३३९,००० | | | पेश्की पुजिगत तर्फ | ३९,७८४,२५३ | |
| | स्थानीय पूवाधार विकाश कार्यक्रम | १६,७७४,१६५ | | ४ | धरौटी फिर्ता | | **३,०१४,४८४.५०** |
| | राष्ट्रिय परिचय पत्र तथा पन्जीकरण विभाग | ७५७,३४५ | | ५ | जनसहभागिता | | **१,०९७,०९५** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पर्यटन पूर्वाधार आयेजना | ६,७८५,८८२ | | ६ | जिल्ला समन्वय समितिवाट प्राप्त | | |
| | राष्ट्रपति महिला उत्थान कार्यक्रम | १०,००० | | ७ | विविध कोष | | **२,९०१,१०४** |
| ४ | संघ वितीय हस्तान्तरण | | **४३९,३९१,२८५** | ८ | प्रकोप व्यवस्थापन कोष | | **६,७२७,५२३** |
| | वितीय समानीकरण | १४०,७००,००० | | ९ | विभाज्य कोष | | **६०९,९६०** |
| | शर्शत अनुदान | २२४,३११,००० | | १० | फिर्ता | | **५३,७४५,२९६** |
| | समपुरक अनुदान | २७,२००,००० | | | शर्शत अनुदान सघ | ३९,६३४,२९० | |
| | विषेश अनुदान | ४४,९३१,००० | | | समपुरक अनुदान सघ | ६,७०२,००० | |
| | अन्य आय (बैकल्पीक उर्जा ,सरुकती पर्यटन | १,५४०,००० | | | विषेश अनुदान संघ | १९,५२९ | |
| | सडक बोर्ड | ७०९,२८५ | | | प्रदेश शर्शत अनुदान | ७,३८९,४७७ | |
| ५ | प्रदेश वितीय हस्तान्तरण | | **५५,६१९,०००** | ११ | अन्तिम मौज्दात (यर्थाथ) | | **९३,६५७,७४२.७१** |
| | वितीय समानीकरण | ७,४२२,००० | | | धरौटी खाता | ३,९४१,८०० | |
| | शर्शत अनुदान | ३६,६९७,००० | | | चालु खर्च खाता | ६,०९२,७२०.५७ | |
| | समपुरक अनुदान | १०,०००,००० | | | पुजिगत खाता | ५,८०७,५८२ | |
| | विषेश अनुदान | १,५००,००० | | | एन एम वि बैक विविध कोष खाता | २,६४९,४०८ | |
| ६ | अन्य | | **१६,६२०,९००.००** | | एन एम वि वैक सचित कोष खाता | ७३,५१८,८२२.१४ | |
| | जिल्ला समन्वय समितिवाट प्राप्त | १,३५०,००० | | | एन एम वि बैक प्रकोप व्यवस्थापन कोष खाता | १,२४०,७७० | |
| | विविध कोष | ५,५५०,५१२ | | | एन एम वि बैक विभाज्य कोष | ४०६,६४० | |
| | जनसहभागिता | १,०९७,०९५ | | | | | |
| | प्रकोप व्यवस्थापन कोष | ७,९६८,२९३ | | | | | |
| | विभाज्य कोष | ६५५,००० | | | | | |
| ७ | धरौटी आय | ५,९०७,५७४.५० | **५,९०७,५७४.५०** | | | | |
| ८ | विषयगत निकायबाट प्राप्त रकम | | **७००,०००** | | | | |
| | समावेशी बिकास | ७००,००० | | | | | |
| | **जम्मा** | | **८०८,३५४,७६४.२१** | | **जम्मा** | | **८०८,३५४,७६४.२१** |

नोट : संघिय सरकार फिर्ता रकम रु ४,६३,६६,८१९।० र प्रदेश सरकार रु ७३,८९,४७७।

कार्यालयको नाम : **कमल गाउँपालिका, झापा ।** आ.व. २०७६।७७

<table>
<tr><th>दफा नं.</th><th>गो.भौ.नं., मिति, व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br>लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्योल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।</td><td></td></tr>
<tr><td>१.</td><td>बैक हिसाब मिलान नगरेको – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण तयार गर्ने गरेको देखिएन । बैंक हिसाब मिलान विवरण तयार नगरेकोले मौज्दात रु ९३६५७७४२.७१ एकिन हुन सकेन । नियमानुसार वैंक हिसाव मिलान विवरण तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>सेवा प्रवाह - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिश, नाता प्रमाणित,, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिश, निशुल्क सिफारिश लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरि अभिलेखिकरण गरिनु पर्दछ ।पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सेवा प्रवाहको विवरण</th><th>निवेदन संख्या</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>नागरिकता सिफारिस</td><td>१६२५</td><td>१६२५</td></tr>
<tr><td>घरबाटो सिफारिस</td><td>१५०५</td><td>१५०५</td></tr>
<tr><td>नात प्रमाणित</td><td>५६२</td><td>५६२</td></tr>
<tr><td>जन्म दर्ता</td><td>८८५</td><td>८८५</td></tr>
<tr><td>मृत्यु दर्ता</td><td>२९८</td><td>२९८</td></tr>
<tr><td>विवाह दर्ता</td><td>३१०</td><td>३१०</td></tr>
<tr><td>वसाई सराई</td><td>३००</td><td>३००</td></tr>
<tr><td>सम्बन्ध विच्छेद</td><td>२९</td><td>२९</td></tr>
<tr><td>अन्य</td><td>९२५७</td><td>९२५७</td></tr>
<tr><td>जम्मा</td><td>१४७७१</td><td>१४७७१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>• एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।</td><td></td></tr>
</table>

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐन अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीमा पालना भएको पाईएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- पालिकाले आ.व. ७६/७७ मा तलब खर्च गर्दा तलबी प्रतिवेदन पारित नगरी खर्च गरेको छ ।
- कार्यालयले आफ्नो उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमको मूल्यांकन गर्ने, सोको अद्यावधिक अभिलेख राखी जोखिमको रोकथाम तथा निराकरण गर्नका लागि आवश्यक संयन्त्रको व्यवस्था गरेको पाइएन ।(प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को २० को नियम ९४)
- भ्रमण खर्च नियमावली, २०६४ नियम २१ को अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन गरेको पाइएन ।
- पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना र फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

४. **आर्थिक कारोबार** – निम्नानुसार कार्यक्रमको बजेट तथा खर्च रकम सुत्रमा अभिलेख नभएको देखियो । सुत्रमा अभिलेख भएको ०७६/७७ को कारोबारको आय व्यय विवरण अनुसार चालुमा रु.२१४५६९९८९४ र पुँजीगतमा रु.२५९३६५२७३ समेत वर्षभरिमा कुल खर्च रु.४७३९३५१६७ भएको देखिन्छ । यो खर्चमा निम्न ६ बजेट उपशिर्षकमा भएको रु.१६८६६६३९२ समावेश भएको छैन । सो समेत समावेश गर्दा पालिकाको कुल खर्च रु.६४२६०१५५९ भएको देखिन्छ ।पालिकाले सम्पूर्ण आर्थिक कारोवारको अभिलेख सुत्रमा गर्नु पर्दछ ।

| सि.नं. | कार्यक्रम | खर्च |
|---|---|---|
| **चालुतर्फः** | | |
| १. | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | ५७३३८० |
| २. | राष्ट्रिय महिला उत्थान कार्यक्रम | १०००० |
| ३. | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | १४४३३९००० |
| **पुँजिगतर्फः** | | |
| ४. | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | १८३९६५ |
| ५. | पर्यटन पूर्वाधार विकास कार्यक्रम | ६७८५८८२ |
| ६. | स्थानीय पूर्वाधार विकास साझेदारी | १६७७४१६५ |
| | **जम्मा** | **१६८६६६३९२** |

५. **कार्यक्रमगत खाताः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३३ (२) र (३) मा बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी प्राप्त गरी बार्षिक कार्यक्रम सञ्चालन गर्ने रकम निकासा माग गरी खर्च गर्नुपर्ने

| | | |
|---|---|---|
| | व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार कार्यालयद्धारा सञ्चालन गरिने कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था भै चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रमको बजेट, खर्च देखिने अभिलेख राखेको पाईएन । कार्यक्रमगत खाता राखेमा कार्यक्रमको बार्षिक बजेट, कार्यक्रममा खर्च र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेट भन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारीता र उपलव्धीको मापन समेत एकीन गर्न सकिने हुँदा कार्यक्रमगत खाता राख्नु पर्ने देखिन्छ । | |
| ६. | **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनु पर्दछ । | |
| ७. | **कन्टिन्जेन्सी खर्चः** सार्वजतिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टीन्जेन्सी खर्चको व्यवस्था गरेको छ । नियमावलीको नियम १० (७) अनुसार अनुसूची १ मा वर्क चार्ट खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत भनी उल्लेख छ । कार्यालयले यो आर्थिक वर्ष के कुन कुन शिर्षकमा के कति कन्टिन्जेन्सी खर्च भएको छ सो खुल्ने विवरण प्राप्त नभएकोले विष्लेषण गर्न सकिएन। | |
| ८. | **परामर्श खर्च -** सार्बजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धित सार्बजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा सार्बजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यबस्था गरेको छ । सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२ ले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नमर्सलाई आधार लिनुपर्ने उल्लेख गरेको छ । कार्यालयले योजनाको विस्तृत अध्ययन, सर्भे, डिजाइन, नक्सा र प्रतिवेदन तयारी गर्न ६ परामर्शदातालाई रु. ६०६२७३९ भुक्तानी गरेको छ । कार्यालयको जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमात्र वाह्य परामर्शदाताबाट गराउनु पर्दछ । स्पष्ट आधार र आवश्यकता बेगरको परामर्श खर्चले कार्यालय अन्तर्गत सञ्चालन हुने योजनाहरुको लागत बृद्धि हुने हुँदा लागत बृद्धि नियन्त्रण गर्न आवश्यक कारवाही गर्नुपर्दछ । | |
| ९. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यतिर तेस्रो चौमासिकमा कुल खर्चको ७३ प्रतिशत खर्च भएको देखिन्छ । वर्षान्तमा अधिक मात्रमा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रमको प्रभावकारीतामा नकारात्मक असर पर्ने स्थिती रहन्छ । तसर्थ आर्थिक वर्षको अन्त्यतिर अधिक खर्च गर्ने कार्यमा नियन्त्रण गरी वार्षिक कार्यक्रम, बजेट तथा लक्ष्य अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । | |
| १०. | **लक्ष्य/प्रगति स्थिति –** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम २० (१) र नियम २६ बमोजिम अनुसुची ३ को ढाँचामा बजेट खर्च समेत देखिने गरी चौमासीक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक प्रगति तयार गरेको छैन । सो पेश नभएबाट बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको बिश्लेषण गर्न सकिएन । | |
| ११. | **स्थानीय तथ्यांङ्क र अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्यांङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । पालिकाको प्रोफाईलका | |

| | | |
|---|---|---|
| | लागि यस वर्ष कार्य भए पनि अन्तिम प्रतिवेदन नआएकोले आधारभूत तथ्यांकको अभावमा नीति योजना तर्जुमामा समस्या रहेको छ । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्य अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा पालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १२. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २७ जना पदपूर्ती भएको देखिन्छ, जसमा समायोजन भई आएका १० जना र साविक स्थानीय निकायका ३ जना रहेका छन् । प्राप्त विवरण अनुसार ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुदा रिक्त पदहरु यथासक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १३. | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्थायी दरबन्दी पूर्ती नगरी पालिकाले विभिन्न पदमा पालिकातर्फ ३६ जना र स्वास्थ्य तर्फ २१ गरी कुल ५७ जना करारमा राखेको छ। ऐनको व्यवस्था अनुसार हुनु पर्दछ । | |
| १४. | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष पालिकाका कर्मचारीलाई तलबको १० प्रतिशत हुने गरी मासिक रुपमा प्रोत्साहन भत्ता वापत २२३७७८८।खर्च गरेको देखियो । यस्तो खर्च कानून बनाएर मात्र गर्नु पर्दछ । | |
| | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १५. | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ३ वटा नियमावली, १८ कार्यविधि, १ निर्देशिका र १ नर्म्स गरी ३६ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १६. | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विामद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १५ र यो बर्ष थप भएको ४० गरी कुल ५५ दर्ता भएकोमा ३१ वटा मात्र फछ्यौंट भई २४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ । | |

**पदाधिकारी सुविधा**

१७. **अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद, विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन ।अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ।

**कर दस्तुर एवं आन्तरिक आय**

१८. **व्यवसाय कर** - प्रदेश आर्थिक ऐन, २०७६ को दफा ६ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरी उल्लेख छ । तर पालिकाले यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन।

१९. **मनोरञ्जन कर** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन । पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

२०. **अभिलेखः** पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२१. **कर अनुमान र संकलन** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । आय शीर्षकमा यस वर्ष प्रक्षेपण गरेको भन्दा वास्तविक आय संकलनमा घटी देखिएबाट आयको अनुमान भरपर्दो देखिएन । आय अनुमानलाई वैज्ञानिक बनाई प्रक्षेपित आय संकलन गर्नमा पालिकाको ध्यान जानुपर्दछ ।

| आय शीर्षक | अनुमानित आय | वास्तविक आय | फरक | घटी प्रतिशत |
|---|---|---|---|---|
| एकिकृत सम्पत्ति कर | ९३५०००० | ५७७०२२१.१९ | ३५७९७७९ | ३८.२९ |
| भूमीकर मालपोत | ३०००००० | ५४६१५५.१२ | २४५३८४५ | ८१.७९ |
| घरजग्गा वहाल कर | ८००००० | ३३५९५०.५० | ४६४०४९.५ | ५८.०१ |
| वहाल विटौरी कर | ५००००० | १२८१६६.६६ | ३७१८३३.३ | ७४.३७ |
| सिफारिस दस्तुर | ४०००००० | ३०५५३६६ | ९४४६३४ | २३.६२ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | १६००००० | १४७५४६९ | १२४५३१ | ७.७८ |

२२. **मूल्य अभिवृद्धि कर छुट** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लेख भएका सेवा तथा बस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको बस्तु तथा सेवा बाहेकका बस्तुमा मू.अ.कर छुट दिन नहुने व्यवस्था छ । सम्झौता बमोजिम आय ठेक्का एकमुष्ट अग्रीम दाखिला गरेमा १० प्रतिशत सम्म छुट दिइने उल्लेख गरि कबोल मूल्यमा लाग्ने अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैन् । तसर्थ पालिकाले आय ठेक्कामा देहायअनुसार रु ४३५५० असूली गर्दा नियमानुसार हुने रु. ४८३६ मूल्य अभिवृद्धि कर रकम असुल गरेको छैन । यस्तो मूल्य अभिवृद्धि कर रकम असुल गरी संघीय ४८३६

संचितकोष दाखिला हुनुपर्ने रु.

| ठेक्का विवरण | ठेकेदारको नाम | सम्झौता रकम | १०% छुट गरी दाखिला रकम | मु.अ.कर दाखिला | मु.अ.कर छुट |
|---|---|---|---|---|---|
| हाटबजार कर | रेनता निर्माण सेवा | २०२२०० | १८१९८० | २३६६० | २६२६ |
| स्थानीय पूर्वाधार सेवा शुल्क | रेनता निर्माण सेवा | १७०००० | १५३००० | १९८९० | २२१० |
| **जम्मा** | | | | ४३५५० | ४८३६ |

**राजस्व तर्फ**

२३. **कारोवारको लेखाः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजश्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजश्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

२४. **आन्तरिक आयको अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (५) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, बित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- मासिक राजस्वको फाँटवारी तयार नगरेको ।
- राजस्व समयमा दाखिला नगरेको ।
- प्रत्येक वडा कार्यालयले संकलन र दाखिला गरेको आन्तरिक आयको हिसाब लिई भिडान नगरेको ।
- वडा कार्यालयले दाखिला गरेको आधारमा मात्र संचित कोषमा आम्दानी बाध्ने गरेको ।
- राजस्वको बैंक हिसाब मिलान विवरण मलेप १०९ तयार नगरेको
- वडा कार्यालयले दाखिला गरेको आधारमा मात्र संचित कोषमा आम्दानी बाध्ने गरेको
- वडागत तथा शिर्षगत राजस्व संकलन रकमको विवरण प्राप्त नभएको ।

कार्यालयवाट आर्थिक वर्ष भरि कति नगदि रसिद जारी गरियो र कति रसिदको आम्दानी प्राप्त भई कति रसिदको आम्दानी गर्न बाँकि छ सो देखिने विवरण लेखापरिक्षणको लागि पेस भएन । रसिद नम्वर र वैक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ नगरि वैकमा आम्दानी भएको र राजश्व असुल गर्ने व्यक्तिको जम्मा गर्न ल्याएको आधारमा आम्दानी भयो भनि एकिन गर्न सक्ने अवस्था रहेन ।

२५. **रकम ढिला दाखिला गर्ने** - प्रदेश आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ८ (३) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।

२६. **नन्फाइलर** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्वत् अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष पेस गर्नुपर्ने उल्लेख छ । सो व्यवस्थाअनुसार करदाताले लेखापरीक्षणको अवधिसम्म पनि विवरण दाखिला नगरेको व्यहोरा आन्तरिक राजस्व विभागको वेभसाइटबाट देखियो । निम्न कार्यको तपशिलमा उल्लेखित त्रिशाला कन्स्ट्रक्सन प्रा.लि.आपूर्तकका भुक्तानी दिएकोमा उक्त व्यवसायी कर दाखिला नगरी नन् फाइलर रहेको पाइयो । भुक्तानी भएको मूल्य अभिवृद्धि करको कर समायोजन विवरण पेश हुनु पर्ने रु. २२९२८२

| सि.नं. | निमार्ण व्यवसायी | पान नं | बिजक मिति | बिजक नं | मु.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | त्रिशाला कन्स्ट्रक्सन प्रा.लि. | ६०४३१४२२६ | १/७ | २१ | ११४२३२ | Non-filer since 2076/M/4 |
| २. | त्रिशाला कन्स्ट्रक्सन प्रा.लि | ६०४३१४२२६ | १/२० | २२ | ११५०५० | Non-filer since 2076/M/4 |
| | **जम्मा** | | | | २२९२८२ | |

**आयकर एवं मू.अ.कर**

२७. **भुक्तानीमा कर –** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर घटी कट्टी गरेको छ । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. ९८००

| भौ.नं. र मिति | विवरण | कर विवरण | कर कट्टी | | कर असूल गर्नुपर्ने |
|---|---|---|---|---|---|
| | | | भएको | हुनुपर्ने | |
| ८३-८/२२ | अधिवक्ता देवेन्द्र भण्डारीले गा.पाको तर्फबाट कानुनी परामर्श तथा वहस पैरवी गरे वापत रु ४०००० | पारिश्रमिक कर | ४०० | ६००० | ५६०० |
| ३९४-३/३० | अधिवक्ता देवेन्द्र भण्डारीले गा.पा.को तर्फबाट कानुनी परामर्श तथा वहस पैरवी गरे वापत रु ३०००० | पारिश्रमिक कर | ३०० | ४५०० | ४२०० |
| **जम्मा** | | | | | **९८००** |

**उपभोक्ता समिति मार्फत कार्य**

२८. **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नहुनु र भएकोमा रकम न्यून भएको कारणले गुणस्तर परीक्षण नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्य गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ ।

२९. **एजविल्ट नक्सा पेश नभएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम१२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन।सम्झौताको शर्तमा नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन ।सम्पन्न योजनामा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ ।

३०. **मर्मत सम्भार कोष–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कोषमा रकम व्यवस्था गरेको

| | | |
|---|---|---|
| | पाइएन । अतः निर्मित आयोजनाहरुको सु–सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषमा रकम जम्मा गरिनुपर्दछ । | |
| ३१. | **लागत सहभागिता –** पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३२. | **नापी किताबः** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पलिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । | |
| | **गाउँपालिका पुँजिगततर्फः** | |
| ३३. | **बहुवर्षिय योजना अन्तर्गतः** संघिय सरकारको समपुरक अनुदानबाट गा.पा.को लागत साझेदारीमा वडा नं.४,५,६ र ७ को भट्टराई चौक पिङडाडा सिजेश चोक नौसिटे सरस्वती मा.वि.बाहृघरेको कुल लागत रु.६५४४४०५२ चुलाचुलि मोड डाँफे कृषि सडक कालोपतत्रे रु.८९११७१०१ र नमुना चौक कालोपत्रे गर्न रु.१६६०३९०१ समेत कुल रु.१७११६५०५४ भै सम्बन्धित स्थानिय तहले ५० प्रतिशत व्यहोर्ने गरी बजेट व्यवस्था भएको देखियो। आ.व.२०७६/७७ का लागि भट्टराई चोकको लागि रु.१३१००००० चुलाचुली मोडको लागि रु.११९००००० र नमुना चोकको लागि रु.२२००००० बजेट स्वीकृत भएकोमा निम्न देखियो। | |
| ३३.१ | **अलग योजना** – लागत अनुमान तयार गर्दा तीवटा सडक योजनको एउटै लागत तयार गरी टेण्डर सुचना प्रकाशित गर्दा एउटै प्याकेजमा गरेको देखियो। शुरु लागतमा तयार गर्दा प्रोभिजनल सम रु.१३८०००० मु.अ.कर रु.१७६०५५७६.३९ कन्टिन्जेन्सी रु.३३८६६८७.७७ र १० प्रतिशत मुल्यवृद्धि वापत रु.१३५४२७५१.०७ समेत कुल रु.१७१३४१५२५.९३ को स्वीकृत गरेको छ। अलग अलग योजना स्वीकृत भै सोही अनुसार बजेट व्यवस्था समेत भएको अवस्थामा एउटै प्याकेज गरी ठेक्का सम्झौता गर्नु उचित देखिएन।लागत अनुमान तयार गर्दा नै मुल्यवृद्धि वापत (Price Adjustment Contigencies) भनि रु.१३५४२७५१.०७ समावेश गरिएकोले सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम १०(७) अनुसची-१ को द्रष्टव्य (ख) अनुसार आयोजना बजेट व्यवस्थाको लागि मुल्य समायोजन कन्टिन्जेन्सी समावेश गरीएता पनि एउटै प्याकेज गरीको छ । सम्झौता भएको २८ महिनाभित्र (अर्थात २०७९/३/२१ भित्र) कार्य सम्पन्न गर्ने गरी २०७६/११/२२ मा रु.११७२०३४०५ (मु.अ.कर र प्रोभिजनल सम समेतको) ठेक्का सम्झौता भएको छ।तीन वटा योजनाको एउटै प्याकेज गरी टेण्डर प्रतिस्पर्धा गर्दा घटी अंक कबोल गर्ने एउटा मात्र ठेकेदारसँग सम्झौता गर्नु पर्दाका कारण बढी कार्य अवधि दिनु पर्ने हुँदा समयमा योजना सम्पन्न हुन नसक्ने र मुल्य वृद्धि समेत दिनु पर्ने हुँदा योजनाको लागत बढ्न जाने अवस्था दखियो। | |
| ३४. | **एउटै प्याकेजमा** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) अनुसार सम्झौता अनुसार मोबिलाइजेशन पेश्की दिँदा सुरु रकमको १० प्रतिशत र बाँकी १० प्रतिशत कामको प्रगतिको आधारमा दिनु | |

पर्ने व्यवस्था छ। खरीढुङ्गा-सकल जे.भी.सँग गा.पा.को वडा नं.४,५,६ र ७ को सडकहरु कालो पत्र गर्न ३ वटा सडकककको एउटै प्याकेजमा रु.१३५४२७५१०.७० को ठेक्का सम्झौता भएकोमा पेश्की उपलब्ध गराउँदा निम्नानुसार अलग अलग योजनाको उपलब्ध गराएको छ।

| भौ.नं.र मिति | व्यवसायी | योजनाको नाम | ठेक्का अवधि | ग्यारेण्टी मिति | पेश्की रकम |
|---|---|---|---|---|---|
| १६१-१२/४ | खरी-ढुङ्गा सफल जे.भी. | भट्टराई चोक पिङ्गडाँडा सिर्जना चोक सडक | २०७९/३/२१ | २०७७/११/२६ सम्म मान्य | १०२४९००० |
| ३५५-३/२६ | खरी-ढुङ्गा सफल जे.भी. | चुलाचुली मोड डाँफे कृषि सडक | २०६९/३/२१ | २०७७/११/२६ सम्म मान्य | १०२४९००० |
| | | | | **जम्मा** | २०४९८००० |

३५. ३-३/२३ गा.पा.स्तरीय योजनाबाट रु.५३८२७२३ र प्रदेश पुरक अनुदानबाट रु.10000000 समेत रु.१५३८२७२३ बजेट व्यवस्था भएकोममा तोपगाछी र लखनपुर विस्तारको लागि ए.डि.पी.पाइप र फिटिङ्ग सामान खरीदको लागि रु.१५७८०९७७.२० को लागत अनुमान तयार गरी २०७६/९/७ मा सुचना प्रकाशित गरी घटी कबोल गर्ने नेपाल प्लाष्टिकसँग मिति २०७६/१०/२२ मा रु.१५३८६५७७.२० को ठेक्का सम्झौता भएकोमा निम्न देखियो।

३५.१ लागत अनुमानको दर विश्लेषण गर्दा बजार दरमा यातायातबाट ढुवानी गर्न प्रति के.जी.०.७६ ले तथा मानिसद्धारा ०.११ प्रति के.जी.थप गरी साइट सम्मका लागि प्रति रनिगं मिटर दर कायम गरेको पाइयो । यस दरको जम्मा रकममा मु.अ.कर समेत जोडी कुल ल.ई.तयार गरेको पाइयो। लोड अनलोड वा मानिसबाट ढुवानी गरेको कुल रकममा समेत मु.अ.कर जोडी लागत तयार गरी प्रतिस्पर्धाबाट ठेक्का सम्झौता गरेको देखियो। यसरी लागत अनुमान तयार गर्दा बढीको लागत तयार हुन गएको छ।

३५.२ **विद्युतीय खरिद प्रणाली–** खानेपानी योजनाहरुका लागि एच.डि.इ.पाइप र फिटिङ्ग खरिदको २०७६/९/२ मा रु.१५७८०९७७.२० को लागत तयार गरी २०७६/९/७ को नेपाल समाचार पत्रमा टेण्डर सुचना प्रकाशित गर्दा Electric and hard copy from eligible bidders भनी सुचना प्रकाशित भएको देखियो। सार्वजनिक खरिद अनुगमन कार्यालयले २०७४/५/८ मा जारी गरेको विद्युतिय खरिद सञ्चालन निर्देशिका, २०७४ को ३५(३) मा रु.२ करोड भन्दा बढीको निर्माण कार्य तथा रु.६० लाख भन्दा बढीको मालसामान खरीद गर्दा अनिवार्य रुपमा विद्युतीय खरिद प्रणालीको प्रयोगबाट मात्र गर्नु पर्नेछ भन्ने व्यवस्था छ। तर पालिकाले विभिन्न साइजको पाइप र फिटिङ्गको लागत रु.१३६१६४४० को खरिद गर्न दुवै माध्यमबाट आव्हान गरेको देखिएकोले निर्देशिका अनुसार भएको छैन।

३५.३ **खरिद प्रतिस्पर्धा न्युन–** २०७६/१०/१० को बोलपत्र मुल्याङ्कन समितिले नेपाल प्लाष्टिक इन्डस्ट्रिज प्रा.लि.को एक मात्र विद्युतीय र पाथीभरा सावला ट्रेड एण्ड सप्लायर्सको एक सिलबन्दी बोलपत्र पेश भएकोमा नेपाल गुणस्तर तथा नाप तौल विभागबाट एन.एस.मार्क प्राप्त नभएकोले मुल्याङ्कन प्रक्रियाबाट अलग गरी प्राविधिक पक्ष उतिर्ण गर्ने नेपाल प्लाष्टिकको न्युनतम मुल्यांकित रकम रु.१३६१३०३० (अर्थात लागत भन्दा ०.८६ प्रतिशत घटी) को स्वीकृत गरी सम्झौता गरेको देखियो। निर्देशिका अनुसार सुचना प्रकाशित नहुँदा खरिद प्रतिस्पर्धा न्युन देखिएको छ।

**चालु तर्फ**

३६. **आर्थिक सहायता** – सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को वुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपुर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ । पालिकाले सभावाट पारित गरी आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाइ घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयले पेश्की लिई वितरणको सिफारिस राखी पालिकाको वैठकको निणर्यवाट आर्थिक सहायता स्वरुप रु ६८९९७३ भूक्तानी गरेको छ । यस्तो

खर्च लेख्न मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित गरिनु पर्दछ ।

३७. **इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । उल्लेखित व्यवस्थाको पालना गर्न इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

३८. **सफ्टवेयर संचालनः ११३-७/१९** पालिका र पूर्वाञ्चल डिजिटल मिडिया टेक्लोनोजीबीच २०७५/३/७ मा योजना तथा कार्यक्रम र जिन्सीको सफ्टवेयर अभिलेख सम्बन्धी विवरण कम्प्युटराइज गर्ने कार्यका लागि एकमुष्ट रु ४२५०००। र सफ्टवेयर सञ्चालन अवधि भर वार्षिक रुपमा सम्झौता रकमको १० प्रतिशतले हुने रकम परामर्श शुल्क संस्थाले लिने गरी सम्झौता भएको देखिन्छ । यो बर्ष पनि पालिकाले सो संस्थालाई रु ४८०२५ भ्याट सहित भुक्तानी दिएको देखिएकोमा पालिकको जिन्सी सम्बन्धी कार्य अझै कम्प्युटरकृत भएको देखिएन । यसले गर्दा सम्झौता बमोजिमको कार्य भए नभएको एकिन गर्न सकिएन ।सफ्टवेयर नियमित रुपमा प्रयोगमा नआई परामर्श वापत वार्षिक शुल्क तिर्न उचित नहुने हुनाले यस सम्बन्धमा स्पष्ट हुनुपर्ने देखिन्छ ।

**संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रमः**

३९. संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गतका निम्न योजनामा ठेक्का सम्झौता अनुसार पेश्की उपलब्ध गराएकोमा सार्वजनिक खरीद ऐन, २०६३ को ५२(क) अनुसार कार्यको प्रगतिको आधारमा दोश्रो पेश्की दिनु पर्नेमा सो भएको पाइएन ।

| भौ.नं.र मिति | व्यवसायी | योजना | ठेक्का म्याद | पेश्की जमानत म्याद | सम्झौता मिति | पेश्की रकम |
|---|---|---|---|---|---|---|
| ४-१/२९ | सगरमाथा ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | तोपगाछी खा.पा.योजना | २०७९/५/२८ | २०७८/१/२४ | २०७७/१/२९ | ८७०८९५९ |
| ८-३/१० | " | " | " | २०७८/३/७ | " | ८२३५१५४ |
| | | | | | **जम्मा** | **१६९४४११३** |

४०. **मु.अ.कर – २८-२०७७/३/३१** साभ्राको मिल बोहोरा सिसाबाध कालोपत्रे कार्यको झापाली इन्टरनेशनल इन्जिनियिरङ्ग एण्ड विल्डर्स प्रा.लि.ले रु.३६०५५४९.३० को अन्तिम बिल पेश गर्दा प्रोभिजनल समको योजना सुचना बोर्ड रु.५००० र ल्याब परीक्षण रु.७०००० समेत रु.७५००० भुक्तानी बिल पेश नभएको देखियो।जनरल आइटमको रकममा मु.अ.कर समेत भुक्तानी भएकोले भुक्तानी गर्न मिल्ने नदेखिएको रु.९७५० को आधा मु.अ.कर रकम दाखिला हुनु पर्ने रु. ४८७५

४१. **कृषि अनुदानः १२६-३/३०** भकारो सुधार कार्यक्रम अन्तर्गत कृषक छनौट गरी कृषकहरुलाई ५० प्रतिशत १५ जना कृषकहरुलाई बढीमा रु १०००० का दरले रु. १४५४७५ अनुदान प्रदान गरेको छ । कृषि शाखाबाट सो रकम नगदै कृषकलाई वितरण गरेको देखिएकोले कृषकहरुको खातामा जम्मा गर्ने गरी अनुदान रकम दिइनुपर्दछ । यस प्रकार बितरण भएका अनुदान सहयोगको उपयोगको सम्बन्धमा निरिक्षण अनुगमन हुनुपर्ने र आगामि आर्थिक बर्षमा अनुदान दोहोरो नपर्ने गरी अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

**शिक्षातर्फ**

४२. **विद्यालयगत निकासा रजिस्टर्ड –** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान

| | | |
|---|---|---|
| | दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरि अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा अभिलेख खाता अद्यावधिक गरि राख्नु पर्दछ । | |
| ४३. | **निजी शिक्षक तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । शिक्षक तलब भत्ता लगायतको रकम सशर्त अनुदान (शिक्षा) वाट प्राप्त हुने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समानीकरण अनुदानवाट शिक्षकको तलव भत्ता दिन पाउने आधार नभएको । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दि तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सक्ने व्यवस्था भएकोमा स्वीकृत दरबन्दी भित्र नपरेका शिक्षकलाई आन्तरीक श्रोतबाट भुक्तानी नगरी समानीकरण चालुबाट तलब भत्ता भुक्तानी गरेको पाइएकोले सो पाउने आधार पेश हुनुपर्ने रु. | ७४२००० |

| क्र.सं. | विद्यालको नाम | तलब भत्ता रकम |
|---|---|---|
| १. | मंगलमय मा.वि. | ११२००० |
| २. | कमला मदन आश्रित मा.वि. | ११२००० |
| ३. | महेन्द्र मा.वि. | ११२००० |
| ४. | शहिद धर्मभक्त मा.वि. | ११२००० |
| ५. | नरेन्द्र जनता मा.वि. | ११२००० |
| ६. | वाणी मा.वि. | ११२००० |
| ७. | कञ्चनजङ्घा आ.वि. | ७०००० |
| | **जम्मा** | **७४२०००** |

| | | |
|---|---|---|
| ४४. | **बैठक भत्तामा करः** ४०-२०७७/३/९ आय कर ऐन, २०५८ को दफा ८८ (१) बमोजिम बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको ब्याज, प्राकृतिक श्रोत, भाडा, रोयल्टी, सेवा शुल्क कमिशन, बिक्री बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफलको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ।कार्यलयले सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ.बैठकका लागि रु.१५००० भुक्तानीमा १५% कर कट्टी नगरी भुक्तानी गरेको पाइएकोले सो रकम असुल गरी दाखिला गर्नु पर्ने रु. | २२५० |
| ४५. | **शौचालय निर्माणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं.११.१.२.१(८.६) अनुसार शौचालयको ड्रइङ डिजाइन शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट स्वीकृत भए अनुसारका आधारममा निर्माण गर्ने भनी उल्लेख गरेको छ।तर गाउँपालिका आफैले डिजाइन स्वीकृत गरी शौचालय निर्माण गरी कार्य सम्पन्न पेश गरेको देखिएकोले कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना गरी कार्य हुनु पर्दछ । | |

| क्र.सं. | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| १. | कमला मदन आश्रित स्मृति मा.वि. | ७००००० |
| २. | अरनिको आ.वि.कमलछाप | ७००००० |
| | **जम्मा** | **१४०००००** |

| | | |
|---|---|---|
| ४६. | **दुई कोठे भवन निर्माणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं.११.१.२.१(८.२) घ मा प्राविधिकले तयार गरेको लागत अनुमानमा स्थानीय तहले बजेट थप गर्न सक्ने।शिक्षा तथा मानव श्रोत विकास केन्द्र/साविकको शिक्षा विभागबाट उपलब्ध गराइएको प्रोटोटाइप ड्रइङ डिजाइन परिवर्तन गर्न चाहेमा भवन निर्माणको ड्रइङ डिजाइन स्वीकृत गर्ने कानुन बमोजिम अधिकार प्राप्त वा तोकिएको निकायको स्वीकृति अनिवार्य रुपमा लिनुपर्नेछ।त्यसै गरी २ कोठे ब्लकको अनुदानमा स्थानीय तह वा स्थानीय तहको स्वीकृतिमा | |

विद्यालयले रकम थप गरी ४ कोठे भवन निर्माण गर्न सक्ने व्यवस्था छ। तर कार्यालयले २ कोठे भवन निर्माण नगरी स्थानीय तहको थप रकम बेगर नै निम्नानुसार ३ कोठे भवन निर्माण गरेको पाइयो।

| **क्र.सं.** | **विद्यालयको नाम** | **इकाइ दर** | **३ कोठे ब्लक खर्च** |
|---|---|---|---|
| १. | बाँसबारी मा.वि. | ८००००० | २४००००० |
| २. | वडा नं.७ सरस्वती मा.वि. | ८००००० | २४००००० |
| | | **जम्मा** | ४८००००० |

**स्वास्थ्य तर्फ**

४७. **निशुल्क औषधी खरिद र वितरण** – पालिकाले यस वर्ष सशर्त अनुदानबाट औषधीहरु खरिद गरि स्वास्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएको छ । खरिद भएका औषधीहरुको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च उपयोगिताको विश्लेषण गर्न सकिएन ।पालिकाले निशुल्क वितरणको लागि आवश्यक पर्ने औषधीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको मार्गदर्शन २०७५।७६ अनुसार अथोराइज्ड स्टक लेभल (**ASL)** र इमर्जेन्सी अर्डर पोइन्ट (**EOP)** निर्धारण र सोको आधारमा औषधीको आपूर्ति र वितरण व्यवस्था मिलाउनुपर्दछ ।

| | **औषधी मौज्दातको अवस्था** | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **औषधीको नाम** | **गा.पा.बाट खरीद** | **स्वास्थ्य कार्यालयबाट प्राप्त** | **जम्मा** | **खर्च** | **बाँकी** |
| १. | T.Amoxy 250 mg | १०००० | १९००० | २९००० | २३७०० | ५३०० |
| २. | Vitamin B complex | ५०००० | ७००० | ५७००० | ४०७०० | १६३०० |
| ३. | T.Cipro 500 mg | १५००० | २९००० | ४४००० | १६५०० | २७५०० |
| ४. | T.Paracetamol 500mg | ४०००० | ४६००० | ८०००० | ८०५६० | ५४४० |
| ५. | T.Metron 400mg | २०००० | २०००० | ४०००० | ३३८०० | ६२०० |
| ६. | T.Chlorferinamine4mg | ७०३०० | ६००० | ७६३०० | ६४००० | १२३०० |
| ७. | T.Cipro250mg | १०००० | २६००० | ३६००० | २१४०० | १४६०० |
| ८. | Ranitidine | ३३००० | १२००० | ४५००० | ३१४०० | १३६०० |

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

४८. **कार्यविधिको पालना** – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष रु.११ लाख ३१ हजार खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २१(१) बमोजिम श्रमिकको ज्याला भुक्तानी पालिकाले सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नुपर्नेमा सबै योजनामा सो नभएको पाइयो । प्रधानमन्त्री रोजगार कार्याक्रम संचालन निर्देशिका २०७५ को अनुसुची १ देखि ७ सम्मको विवरण तयारी गरी बेरोजगार व्यक्तिलाई काममा लगाउनु पर्नेमा डोर हाजिरी फारमबाट खर्च लेखिएकोले कार्यविधिको पालना गरी खर्च गर्नु पर्दछ।

**सामाजिक सुरक्षातर्फ**

४९. **सफ्टवेयर प्रणाली** - सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी

| | | |
|---|---|---|
| | गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको हुन सक्छ । केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ। | |
| ५०. | **लाभग्राहीको विवरण प्रविष्टि गर्ने** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार लाभग्राहीको विवरण प्रविष्टि गर्ने सम्वन्धमा, नाम दर्ता र नवीकरणवाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुण मसान्तभित्र विभागले संचालनमा ल्याएको व्यवस्थापन सुचना प्रणली (एम.आइ.एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । यसरी प्रविष्टि गर्ने कार्य सामान्यतः सम्वन्धित वडा कार्यालयको हुनेछ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानीय तहले उपयुक्त र आवश्यक व्यवस्था गर्नेछ भन्ने व्यवस्था भएकोमा सो नगरि एम.आई.एस प्रणालीको विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेकोले वितरित रकम सहि हो भनि एकिन गर्न सकिएन । | |
| ५१. | **परदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन । | |
| ५२. | **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ । | |
| ५३. | **अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्यक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । | |
| ५४. | **निष्कृय खाता विवरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २४ बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहिको नाम, बैक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुची १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यममा अनिवार्यरुपमा पठाउनुपर्ने व्यवस्था छ । अनूसूची ८ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा गरेको विवरण देखिने रिभर्स फिड सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैंकले निष्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर सो विवरण राखेको देखिएन । | |
| ५५. | **भत्ता विवरण** - कार्यविधिको दफा १६ मा स्थानीय तहले सम्वन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक | |

असोजको १ गतेबाट दोश्रो हप्ता भित्र,दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तोकिएको समयभित्र वितरण गरेको पाइएन । गाउँपालिकाले कार्यविधिले तोकेको अवधि भित्र सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने र लाभग्राहिहरुमा वितरण गरि तोकिएको अवधि भित्रै नै बढी निकासा बैंकले फिर्ता पठाई फछ्यौंट गर्नु पर्नेमा प्रथम र दोश्रो चौमासिकको बढी निकासा रकम आउँदो चौमासिकमा मिलान गरी अन्त्यमा रु.२८८९००० फिर्ता पठाएको पाइयो।सामाजिक सुरक्षा निकासा र बैंकबाट वितरणको अवस्था देहाय अनुसार रहेका छन्

| चौमासिक | बैंक पठाएको रकम | बैंकले वितरण गरेको रकम | बैंकले फिर्ता गर्को रकम |
|---|---|---|---|
| प्रथम | ५१६६४६०० | ४९२२५००० | २४३९६०० |
| दोश्रो | ४७९८६४०० | ४७४८६४०० | ५००००० |
| तेश्रो | ४७५७७००० | ४७६२७६०० | -५०६०० |
| **जम्मा** | १४७२२८००० | १४४३३९००० | २८८९००० |

**कोभिड–१९ रोकथाम नियन्त्रण तथा व्यवस्थापन**

५६. **सामाग्री खरीदः** कोरोना (कोभिड १९) नियन्त्रण र व्यवस्थापन कार्यका लागि प्राप्त आय व्यय विवरण अनुसार प्रदेश सरकार बाट ५ लाख, गाउँपालिकाबाट ५१ लाख ६३ हजार, विभिन्न व्यक्ति संघसंस्थाबाट २३ लाख ४ हजार समेत रु ७९ लाख ६८ हजार आम्दानी गरेको देखिन्छ भने कोभिड व्यवस्थापनमा कुल ६७ लाख २८ हजार खर्च भै १२ लाख ४० हजार बाँकी रहेको देखिन्छ ।कोरोना पिडित जनताका लागि राहत वितरण गर्न चामाल, दाल, नुन, तेल लगायतका खाद्य वस्तु तथा औषधी र स्वास्थ्य उपकरण तथा अन्य विविध सामाग्रीहरु खरीद गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को प्रक्रिया अवलम्बन नगरी विशेष परिस्थिती उल्लेख गरी सिधै खरीद भएको देखियो ।

**कोष तर्फ**

५७. **कल्याण कोष** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले अघिल्लो आवको कल्याण कोषको रकम रु ३०००००० विविध/कल्याण कोषमा ट्रान्सफर गरेको छ । यसरी कल्याणकोषमा आम्दानी रु ३०००००० भएको देखिन्छ । कोषबाट कुचीकार मोहन अघोरीको औषधि उपचार उपदान वापत रु २५४०००। कार्यापालिकाले निर्णय गरी भुक्तानी भएको देखियो । पालिकाले कल्याणकोष सञ्चालन र व्यवस्थापन सम्बन्धी ऐन नियमावली बनाई कोषलाई व्यवस्थित गर्नुपर्दछ ।

**धरौटी तर्फ**

५८. **धरौटी अभिलेखः** कार्यालयले बैंक स्टेटमेन्ट र धरौटी श्रेस्ता मासिक रुपमा भिडान हिसाव मिलान गर्नुपर्दछ । प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ७१ (३) मा धरौटी श्रेस्तामा आम्दानी नजनाएको तर बैंक जम्मा भई स्टेटमेन्टमा देखिएको रकम को सम्बन्धित व्यक्तिबाट रकम दाखिला भएको नब्बे दिनभित्र दाखिला प्रमाण पेश हुन नआएमा त्यस्तो रकम सदर स्याहा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने हुन्छ । नियम ६६ (२) मा उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भएमा सोही अवधिभित्र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो कामसम्बन्धि कारवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बांध्नु पर्ने

| | | |
|---|---|---|
| | व्यवस्था छ । कार्यालयको धरौटीको श्रेस्ता अनुसार रु. ३९४१८०० बाँकी रहेकोमा बैंक अनुसार रु. ३९९०८०० बाँकी देखिएको छ। धरौटीको हिसाव मिलान गर्नुपर्दछ । | |
| ५९. | **धरौटीबाट विविध खर्चः** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ७० मा धरौटी रकम अन्य प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ । कार्यालयले भौ.नं. ६७ बाट विविध कोष खाताबाट खर्च गर्नुपर्ने रकम रु १७५००० धरौटीबाट खर्च गरिएको देखिएकोले सो खर्च नियम सम्मत नदेखिएको रु | १७५००० |
| ६०. | **वित्तिय उत्तरदायित्व जिम्मेवारी र जवाफदेहिताः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५६ मा कार्यालयले तयार गर्नुपर्ने वित्तिय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न भनि तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । सुशासन ऐन, २०६३ एवं नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ वमोजिम प्रशासनले पालना गर्नुपर्ने वित्तिय जवाफदेहिता बहन गर्नुपर्दछ । कार्यालयले पूर्ण जवाफदेहिताको लागि वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनको लागि थप प्रयास गर्नुपर्ने देखिन्छ । | |
| ६१. | **पेश्की वाँकीः** प्रदेश आर्थिक कार्यविधी नियमावली, २०७५ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्की रकम सोही आर्थिक बर्षमा फछर्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछर्यौट हुन बाँकी रहेको पेश्की जिम्मेवारी अर्को आर्थिक बर्षमा सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछर्यौट गर्नुपर्ने व्यवस्था छ । निम्न बमोजिम म्याद ननाघेको पेश्कीको विवरण प्राप्त भएकोले नियमानुसार असुल फछर्यौट गर्नु पर्दछ । | |

| **योजनको नाम** | **पेश्की लिने व्यक्ति/संस्था** | **पेश्की मिति** | **पेश्की रकम** |
|---|---|---|---|
| भट्टराई चोक पिङडाँडा सृजना चोक सडक | खरिढुङ्गा सफल जे.भी. | २०७६/१२/४ | १०२४९००० |
| तोपगाछी खानेपानी | सगरमाथा ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन कं.प्रा.लि. | २०७७/१/२९ | ७२०८९५९ |
| तोपगाछी खानेपानी | सगरमाथा ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन कं.प्रा.लि. | २०७७/३/१० | ८२३५१५४ |
| सडक तथा पुल निर्माण | जोशी/सफल जे.भी. | २०७७/३/२६ | २०००००० |
| चुलाचुली मोड डाँफे कृषि सडक | खरिढुङ्गा सफल जे.भी. | २०७७/३/२६ | १०२४९००० |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | हिमतार पुर्वाधार विकास कम्पनी प्रा.लि. | २०७७/३/२८ | ६६२५०२ |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | हिमतार पुर्वाधार विकास कम्पनी प्रा.लि. | २०७७/३/२९ | ६६२००० |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | वल्ड ट्रेड कन्सट्रक्सन कं.प्रा.लि. | २०७७/३/२३ | २३२६३८ |
| विद्यालय पुर्वाधार निर्माण अनुदान | वल्ड ट्रेड कन्सट्रक्सन कं.प्रा.लि. | २०७७/३/२९ | ७५२३२२ |
| विद्यालय पुर्वाधार निर्माण अनुदान | वल्ड ट्रेड कन्सट्रक्सन कं.प्रा.लि. | २०७७/३/३१ | ७५२३२२ |
| **जम्मा** | | | **३०८०९९८५** |

| | | |
|---|---|---|
| | **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु** | |
| ६२. | प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९५ (३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनुपर्ने व्यवस्था भएकोले आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु फछ्यौंट गर्नुपर्ने रु | २०१११.५ |

| भौ.नं. | विवरण | रकम |
|---|---|---|
| ९१ चालु | कार्यालयको तर्फबाट झापा पोस्ट दैनिकमा सुचना सामग्री प्रकासन वापतको भुक्तानी गर्दा रू ५,०००।०० को विल संलग्न रहेको भएता पनि कुल भुक्तानी कर वाहेक रू ६८९५ (कर सहित ७०००) भूक्तानी देखियकोले थप भएएको रकम फिर्ता गर्नुपर्ने। | १,९७० |
| पुँजिगत | | |
| १९५ | प्रहरी चौकी निर्माण केर्खाको लागी उपभोक्ता समितिले जनता केरियर मार्फत वालुवा खरिदि गर्दा एउटै बिल प्रयोग गर्न सकिनेमा दुई वटा विल प्रयोग गरी ३२,९००।०० को वालुवा गिटी खरिद गरी भ्याट कट्टी नगरेको देखिएकोले भ्याट कट्टी गर्नुपर्ने रू ४२७७।०० र प्रभात फर्निचर बाट ८२,६५०।०० को फर्निचर खरिदमा रू भ्याट नकाटीएको रू १०,७४४.५ गरी भ्याट नकाटिएको देखिएको जम्मा रकम रू १५,०२१.५। | १५,०२१.५ |
| २०७ | किरात माङ्हिम अधुरो भवन निर्माण उपभोक्ता समितिले मङ्गलदिप फर्निचरबाट फर्निचर खरिदमा एकै विल प्रयोग गर्न सकिनेमा २ वटा विल प्रयोग गरी रू २४,०००।०० को खरिद गरी भ्याट कट्टी नगरीएको देखिएको। | ३,१२० |

| | | |
|---|---|---|
| ६३. | **अनुगमन तथा मूल्याङ्कन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ ।सोही ऐनको दफा ८४ (२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत विगत वर्ष देखिको अध्यावधि बेरुजू लगत खडा गरेको देखिएन । | |
| ६४. | **संचित कोष र वेरुजुको स्थितिः** पालिकाको संचित कोषको विवरण, बेरुजु (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) बर्गिकरण र अद्यावधिक बेरुजु स्थिती क्रमशः अनुसुची १, अनुसुची २ र अनुसुची ३ मा समावेश गरिएको छ । | |

## कमल गाउँपालिका, झापाको सञ्चित कोष विवरण

-अनुसुची १

२०७६।७७

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| कमल गा.पा. | झापा | १५०२७२६ | ११८८ | ०.०८ | २०३२६ | ४९५०१० | ७९३२३ | २१८०१ | १९१८९५ | ७८८०२९ | २१३०६५ | २१९५८१ | २८२०५१ | ७१४६९७ | ९३६५८ |

## बेरुजु वर्गिकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार)

अनुसुची २

२०७६।७७

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| कमल गा.पा. | झापा | ६३ | ११ | ३२०७२ | ० | ४ | ३०८८४ | ६३ | ७ | ११८८ | २२ | १७५ | ९९१ | ० | ० | ११६६ | ० | ० | ० |

## अद्यावधिक बेरुजु स्थिति

अनुसुची ३

२०७६।७७

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी वेरुजु | समायोजन | गत बर्ष सम्मको यथार्थ वेरुजु | सं.प.को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | सं.प.बाट कायम बेरुजु रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कमल गा.पा. | झापा | २६३८१ | ० | २६३८१ | ० | ० | ० | ० | २६३८१ | ० | ११८८ | २७५६९ | ० |